


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २९ गते बिहीबार ❑ 11 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकीका मुख्यमन्त्रीलाई सर्वोच्चको आदेश : 'दीर्घकालीन असर पर्ने काम नगर्नु'

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले आज निवेदनको टुङ्गो नलाग्दासम्म दीर्घकालीन असरपर्ने प्रकृतिका निर्णय नगर्न अन्तरिम आदेश गरेको हो । "नेपालको संविधानको धारा १८६ को अवस्थामा मात्र निर्णायक मत दिन सक्नेमा निजको सङ्ख्यासमेत गणना गरी मुख्यमन्त्री पदमा गरिएको दावीको आधारमा प्रत्यर्थी खगराज अधिकारीलाई नियुक्त गरिएको छ", आदेशमा भनिएको छ, "संवैधानिक व्याख्याको प्रश्न, संसदीय अभ्यास, यस अदालतबाट स्थापित सिद्धान्तलगायतका विषयमा निरुपण हुन आवश्यक देखिएकाले तर सरकारको शून्यताको अवस्था सिर्जना हुन दिनसमेत नमिल्ने हुँदा प्रदेश सरकारका नियमित कार्य सञ्चालनबाहेक प्रत्यर्थी खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन पत्र टुङ्गो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्नु नगराउनु ।" दालतले उक्त विवादको छिटो निरुपण गर्न आगामी वैशाख १० गतेका लागि अग्राधिकार दिएर सुनुवाइ गर्न मिति समेत तय गरेको छ।

गण्डकी प्रदेशमा नेपाली कांग्रेसका संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मङ्गलबार मुख्यमन्त्री अधिकारीले सभामुखलाई समेत जोडेर बहुमत बनाउनु असंवैधानिक भएको भन्दै रिट निवेदन दायर गर्नुभएको थियो । रिट निवेदनमा यही चैत २५ गते अधिकारीले जालझेल गरी दूषित तवरले दाबी पत्र पेश गर्नुभएको र अधिकारीलाई मुख्यमन्त्रीका रुपमा कामकारबाही गर्न नदिने आदेशको माग गरिएको थियो।

रिट निवेदनमा सभामुख तटस्थ व्यक्ति भएकाले कुनै पनि दलका लागि बहुमत पुऱ्याउन नमिल्ने जिकिर गरिएको थियो । यसअघि, कोशी प्रदेशमा नेकपा (एमाले) ले नेपाली कांग्रेसविरुद्ध सोही आधारको रिट निवेदनमा सर्वोच्च अदालतले सभामुखको मत जोड्न नपाउने आदेश गरेको थियो।

## ११४ वटा बिकास आयोजना जिल्ला सभाबाट स्वीकृति सहित माग

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत




जिसस कास्कीको सातौं जिल्ला सभा बुधबार सम्पन्न भएको छ । सभाको प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले उद्घाटन गरे।

प्रमुख भट्टले समृद्धिका लागि समन्वय र सहकार्य महत्त्वपूर्ण पक्ष भएको उल्लेख गर्दै समन्वयको कार्य प्रभाबकारी बनाउन संबैधानिक ब्यबस्था अनुसार काम गर्न आग्रह गर्दै आबश्यक ऐन कानुनको निर्माणमा प्रदेश सरकार र संघ सरकारसंग समन्वय गर्न आग्रह गरे । संघियता बलियो हुन स्थानिय, प्रदेश र संघ तहमा सम्पादित कामको अनुगमन र समन्वयका बनाइएको जिससको भुमिका महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो । गण्डकी प्रदेशका मुख्य मन्त्री खगराज अधिकारीले प्रदेश सरकारको तर्फबाट जिससको थप सबलिकरणमा प्रतिबद्धता व्यक्त गरे । सभामा गण्डकी प्रदेश सभाका सदस्य भिम बहादुर कार्की, पोखरा महानगरको प्रमुख धनराज आचार्य, गाउँपालिका महासंघ गण्डकीका अध्यक्ष नवराज ओझा, जिसस गोर्खाका प्रमुख मोहन बहादुर थापा, कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरे, साबिक जिल्ला बिकास समिति कास्कीका सभापति पुन्य पौडेल जनता समाजबादी पार्टीका अध्यक्ष हर्क बहादुर गुरुङ, ने क पा माओबादी केन्द्र कास्कीका अध्यक्ष शिवजी लामिछाने, सहितले मन्तव्य ब्यक्त गरेका थिए । जिसस कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गरेका थिए । सभाले राष्ट्रिय महत्वका सम्भावित रणनीतिक योजनाहरु, प्रदेश गौरवका योजनाहरुको लागि प्राथमिकता सहित बजेटको व्यवस्थापन गरिदिन राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, नेपाल सरकार र प्रदेश सरकारसँग निरन्तर रुपमा समन्वय र सहकार्य गरी कास्कीका पाच पालिकाकाका लागि विभिन्न ११४ वटा योजना जिल्ला सभाबाट स्वीकृत गरी केन्द्र तथा प्रदेश सरकारमा माग गर्ने निर्णय कास्की जिल्ला सभाले गरेको छ । त्यस्तै विकास कार्यमा समन्वयका लागि स्थानीय तहले संचालन गरेका विकास आयोजनाहरुको अनुगमन गर्ने, अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने, व्यवस्थापनमा सहजीकरण कार्य तिब्रताका साथ अगाडि बढाउने निर्णय भएको छ।

## शान्ति सम्झौतालाई पूर्णता दिन विधेयक आवश्यक : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
दमौली, २८ चैत

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले विस्तृत शान्ति सम्झौतालाई पूर्णता दिन सङ्क्रमणकालीन न्यायको विधेयक आवश्यक रहेको बताउनुभएको छ।

सहिद विष्णु जमरकट्टेल स्मृति प्रतिष्ठानले २३औं स्मृति दिवसको अवसरमा तनहुँको व्यास नगरपालिका-६ मा बुधबार आयोजना गरेको स्वास्थ्य शिविरको उद्घाटन गर्दै उपसभापति गुरुङले उक्त विधेयक बनाउने क्रममा रहेको र त्यसको नेतृत्व कांग्रेसले लिने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "शान्ति सम्झौताको नायक कांग्रेस हो । उक्त विधेयक बनाएर पीडितलाई न्याय दिने सवालमा कांग्रेसले नायकको भूमिका खेल्नुपर्छ । सङ्क्रमणकालीन न्यायको विधेयक बनाएर विस्तृत शान्ति सम्झौतालाई पूर्ण बनाउन आवश्यक छ।"तर अझै उक्त विधेयक ल्याउन नसकिएको बताउँदै उपसभापति गुरुङले उक्त विधेयक बनाउने क्रममा सत्तापक्ष र प्रतिपक्ष नहुने उल्लेख गर्नुभयो।

विधेयक बनाएपछि मात्रै पीडितले न्याय पाउने र शान्ति प्रक्रिया टुङ्गोमा पुग्ने उपसभापति गुरुङको भनाइ थियो । उपसभापति गुरुङले सार्वजनिक पद धारणा गरेका सबैको सम्पत्ति छानबिन गर्नुपर्छ भनेर आफूले आवाज उठाउँदै आएको बताउँदै भन्नुभयो, "मैले पार्टीको आन्तरिक बैठकमा धेरैपटक यो विषय उठाए, गत चैत २३ गते मात्रै म आफैं प्रस्तावक भएर संसद्मा सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएको छु।

## बिहीबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

सरकारले इस्लाम धर्मावलम्बीको पर्व ईद-उल फित्र(ईद)को अवसरमा भोलि सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

गृह मन्त्रालयले एक विज्ञप्ति जारी गरी सो जानकारी दिएको हो । सरकारले हरेक वर्षको ईद-उल फित्र(ईद)का अवसरमा सार्वजनिक बिदा दिँदै आएको छ। यस वर्ष बुधबार आकाशमा चन्द्रमा नदेखिएका कारण ईदको अन्तिम दिन बिहीबार सार्नु परेको मुस्लिम धर्माबलम्बीको भनाइ छ।

मुस्लिम समुदायमा ईदको अन्तिम दिन बिहानै उठेर नुहाइधुवाइ गरी मस्जिदमा नमाज पढेर धार्मिक मनोभाव आदानप्रदान गर्ने परम्परा छ।

साथै मुस्लिम समुदायले आफन्तमाझ अङ्गालो हालेर आत्मियता साट्ने गर्छन्।

## तीन दिने गन्तव्य पहिचान एवम् प्रवर्द्धन कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशको आयोजना एवम् गण्डकी प्रदेशको उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयको प्रवर्द्धनमा तीन दिने गन्तव्य पहिचान एवम् प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ।

पर्यटन व्यवसायी, सञ्चारकर्मी सहितको १९ सदस्यीय टोलीले तीन दिने कार्यक्रमका साथ २४ गते शनिबारदेखि २६ सोमबारसम्म गन्तव्य पहिचान एवम् प्रवर्द्धन यात्रा गरेको हो। बाग्लुङ हुँदै कालीगण्डकी करिडोरबाट नवलपुरसम्मको यात्रा गरेको टोली फर्कदा दलदलेबाट डेढगाउँ भिमादको बाटो पोखरा आएको थियो । कार्यक्रमका अवसरमा बाग्लुङ र नवलपुरका धार्मिक पर्यटकीय गन्तव्यको पहिचानसँगै तिनीहरूको पर्यटकीय उपयोगका लागि सरोकारवालासँग छलफल एवम् अन्तरक्रिया गरिएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले जानकारी दिनुभयो।

कार्यक्रमकै अवसरमा बाग्लुङको जैमिनी नगरपालिकाकाको स्थानीय संयोजन एवम् सहयोगमा जैमिनी ऋषिले तपस्या गर्नुभएको जैमिनी धामको अवलोकनका साथै उक्त नगरपालिका भित्र रहेका पर्यटकीय गन्तव्यका सम्बन्धमा सरोकारवालबीच छलफल गरिएको कार्यक्रम संयोजक एवम् नाट्टा गण्डकी प्रदेशका द्वितीय उपाध्यक्ष कमला गिरीले जानकारी दिनुभयो। जैमिनी नगरपालिकामा आयोजित कार्यक्रममा गण्डकी प्रदेशका निवर्तमान उद्योग पर्यटन, बन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापा, जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा लगायतले जैमिनी नगरपालिका क्षेत्रमा भएका पर्यटकीय गन्तव्यलाई पर्यटकीय रुपमा उपयोग गरिने बताउनुभयो।

टोलीले नवलपुर स्थित गजेन्द्र मोक्षधाममा गरेको कार्यक्रममा गजेन्द्र मोक्षधाम धार्मिक पर्यटकीय स्थल विकास समितिका अध्यक्ष कृष्णप्रपन्नाचार्य, धामका प्रमुख कार्यकारी अधिकृत झपेन्द्र भुषाल, विनय त्रिवेणी नगरपालिकाका प्रमुख घनश्याम गिरी लगायतले त्यहाँका पर्यटकीय सम्भावनाको उजागर बारे छलफल गरिएको थियो । त्यस्तै टोलीले वाल्मिकी आश्रममा गरेको स्थलगत अवलोकनमा सीता पाताल प्रवेशस्थलका पुजारी शेखर सुवेदी, मुख्य मन्दिरका पुजारी रामशरण गिरी लगायतले नेपाल सरकारले यस धार्मिक सम्पदाको संरक्षण र विकासमा बेवास्था गरेको भन्दै दुःख व्यक्त गर्नुभएको थियो।

प्रिप्रहर सामुदायिक होमस्टेमा आयोजित कार्यक्रममा देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपाने, पिप्रहर सामुदायिक होमस्टे ग्रामका अध्यक्ष चन्द्रमाया महत, रजहर सामुदायिक प्राकृतिक चिकित्सालयका निर्देशक डा. विनोद पौडेल लगायतले बोल्नुभएको थियो । कार्यक्रमका अवसरमा धार्मिक पर्यटकीय सम्भावना, घरवास आदि सम्बन्धमा सरोकारवालाबीच छलफल एवम् अन्तरक्रिया गरिएको नाट्टा गण्डकी प्रदेशका महासचिव संगीता पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार टोलीलाई स्वास्थ्य जीवनशैली लगायतका विषयमा डा.विनोद पौडेलले प्रशिक्षण दिनुभएको थियो भने टोलीले बनसफारी गर्दै त्यहाँका विविध सम्भावना बारे जानकारी लिएको थियो।

गन्तव्य पहिचान एवम् प्रवर्द्धन कार्यक्रमले यस क्षेत्रको पर्यटकीय सम्भावना, चुनौति लगायतका विषयमा जानकारी प्राप्त भएको नाट्टा गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले बताउनुभयो । पोखरा पर्यटन राजधानी घोषणा भैसकेका अवस्थामा आसपासका पर्यटकीय गन्तव्यको पहिचान एवम् प्रवर्द्धन जरुरी रहेको बताउँदै उहाँले यस किसिमका कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

◆ खुल्ला स्थानमा दिसापिसाब नगरौं।
◆ शौचालयमा मात्र दिसापिसाब गरौं।
◆ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
◆ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
◆ सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा पानीको फोहोरा माथि बन्जी गर्न सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखरामा सहासिक पर्यटकहरुले अब साबर (पानीको फोहोरा माथि) बन्जी गर्न पाउनु हुने भएको छ । १२ बर्ष अघि पोखरामा सहासिक खेल सहासिक खेल गतिविधि अघि बढाएको हाईग्राउण्ड एडभेन्चर नेपाल प्रा.लि.ले पोखरामा पछिल्लो प्रोडक्टको रुपमा साबर (पानीको फोहोरा माथि) बन्जी को प्रोडक्ट ल्याएको हो ।



पोखरामा पर्यटकहरुको लागि नयाँ प्रोडक्टको रुपमा उक्त साबर बन्जी संचालन गरिएको कम्पनीका निर्देशक तथा प्रमुख संचालक अधिकृत दिनेश मर्हजनले बताउनु भयो । जिपलाईन, बञ्जी, स्वीङ र एटिभि लगायतका प्रोडक्ट मार्फत पाहुनालाई सेवा दिदै आएको हाईग्राउण्ड एडभेन्चरले साबर बग्जीमा रमाउन चाहने स्वदेशी तथा विदेशी पर्यटकको लागि पानीको फोहरामा फरक अनुभव लिन उक्त प्रोडक्ट ल्याएको निर्देशक मर्हजनको भनाई छ ।

पोखरा महानगरपालिका २५ हेम्जामा साहसिक पर्यटकीय गतिविधि संचालन गर्दै आएको उक्त कम्पनीले पोखरामा पर्यटकहरुको बसाई अवधि लम्बाउने उद्धेश्यले पछिल्लो समयमा उक्त प्रोडक्ट ल्याएको उहाँले दाबी गर्नुभयो । बञ्जीको क्रममा ८२ मिटर माथिबाट हाम फालेका पर्यटक तल झरिसके पछि पानीको फोहरामा रमाउन पाउने उहाँले जनाउनु भयो । उक्त साबर बन्जी गर्दा आन्तरिक तथा बाह्य पाहुनाले प्रतिव्यक्ति ६ हजार ५ सय रुपैयाँ तिर्नुपर्ने छ । आगन्तुक पाहुनालाई भिडियो, फोटो र टिसर्ट पनि कम्पनीले निःशुल्क उपलब्ध गराउने भएको छ । हाईग्राउण्ड एडभेन्चरले सन् २०१२ देखि पोखरामा साहसिक पर्यटकीय प्रोडक्ट ल्याएको हो । पर्यटनको राजधानि पोखरामा पर्यटनको क्षेत्रमा ठूलो लगानी रहेको बताउदै मर्हजनले पर्यटकीय पूर्वाधारमा लगानी गर्ने क्रम अहिले पनि जारी रहेको उल्लेख गर्नुभयो ।

एकदिनमा कम्पनीले ६० जना पर्यटकलाई सावर वञ्जीको अनुभव दिलाउन सक्ने दाबी गरेको छ । हाइग्राउण्ड एडभेन्चर्स नेपालमा शरद गोलूछा, भरत गोलूछा, अभिनव चुरिवाल र दिनेश महर्जनले संयुक्त लगानी गर्नु भएको हो । कम्पनिले सावर बञ्जी संचालन गर्नका लागि मात्र थप करिब ५० लाख रुपैयाँ लगानी भएको मर्हजनले दाबी गर्नु भयो । यसअघि पनि हाइग्राउण्ड एडभेन्चर्स नेपालले गरेको लगानी करिब ५० करोड रुपैयाँ पुगिसकेको कम्पनीको दाबी छ । आगामि दिनमा थप साहसिक पर्यटनका क्षेत्रमा लगानी बढाउने योजनामा कम्पनी रहेको छ । यसैबिच, उक्त प्रोडक्ट साबर बन्जीको एक समारोहका बिच बुधबार पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले उद्घाटन गर्नु भएको छ । कार्यक्रमा बोल्दै उहाँले पोखराको सहासिक खेलगतिविधिमा उक्त कम्पनीले महत्पूर्ण भुमिका खेल्दै आएकोमा प्रशंसा गर्दै पोखरामा सहासिक पर्यटनको अथाह सम्भावना भएको दाबी गर्नु भयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका कार्यक्रम अधिकृत कुन्दन मिश्रले उक्त उक्त कम्पनीले पोखराको खेल सहित सहासिक खेल पर्यटन प्रबर्द्धनमा टेवा पुराउदै आएको बताउनु भयो ।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बिहीबारदेखि पोखरामा १९ औं संस्करणको फेवा नब बर्ष महोत्सव हुने बताउदै नयाँ बर्षमा उक्त प्रोडक्ट आउनुले पोखराको सहासिक खेल पर्यटनको प्रबर्द्धन हुने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा नेपाल पर्यटन बोर्डका पूर्व सदस्य बासु त्रिपाठी, टान गण्डकी प्रदेशका अध्यक्ष धर्मराज पन्थी, नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारी सहासिक खेल पर्यटनका बारेमा वोल्नु भएको थियो । पोखराको साहासिक खेल जिपलाइनले वल्र्ड रेकर्ड कायम कम्पनीले जनाएको छ । अफिसियल वल्र्ड रेकर्डले टलेष्ट एण्ड एण्टीपिट विधामा कम्पनीलाई वल्र्ड रेकड कायम भएको प्रमाण पत्र प्रदान गरेको कम्पनीका निर्देशक दिनेश महर्जनले बताउनु भयो ।

# महोत्सवमा आलु किन्ने बढे

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

१२ औं राष्ट्रिय हेमजा आलु महोत्सव मध्येतिर आइरहदाँ आलु किन्नेहरुको सख्यामा हवात्तै बृद्धि भएको छ ।



बुधवारसम्म करिव २० हजारले महोत्सव अवलोकन गरेकोमा ९ सय १० घरपरिवारले आलु किनी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए ।जसमध्ये प्रति घरपरिवारले सबैभन्दा कम १० देखि बढीमा ३ सय केजीसम्म आलु किनी लगेको तिम्सिनाको भनाई छ । हेमजाको आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि मिठो हुने भएकाले अधिकाशं उपभोक्ताको रोजाईमा पर्दै आएको बुधवार महोत्सव स्थलमा आलु खरिद गर्दै गरेकी पर्वत मोदी गाउँपालिकाकी इन्दिरा शर्माको भनाई छ । आलु खरिद गर्नकै लागि त्यहाँ पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, बाग्लुङ, पर्वत, म्याग्दी, चितवन, तनहुँ, स्याङजा लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन् ।आयोजकलाई त्यहाँ आलु बिक्री गर्न भ्याइनभ्याई भइरहेको छ भने बुधवार साँझसम्म रु.९ लाख बढीको आलु कारोवार भएको छ । प्रतिकेजी रु.४० मा आलु बिक्री गरिएको छ ।

महोत्सव मध्येतिर आइरहदाँ दर्शक सहभागिता पनि बढ्दै गएको हो । महोत्सवको चौथो दिन बुधवार मात्रै ५ हजार बढी दर्शकले महोत्सव अवलोकन गरेका छन् । दर्शक सहभागिता बढ्दै जाँदा आयोजक समेत हैसिएको छ । महोत्सव अन्तर्गत बुधवार कलाकारहरु सम्झना लामिछाने मगर, जीवन दाहाल, पार्वती जिसी, शिवहरी ढुङ्गाना, रामजी पौडेल, मधु थापा मगर, यम नेपाली, यलिना रायमाझी तथा ओएआउट व्याण्डका प्रस्तुतिहरु रहे ।त्यस्तै बिहीवार प्रकाश दुतराज, जीवन दाहाल, तारापति सुवेदी, प्रेमराज अधिकारी, शिवहरी ढुङ्गाना, परशुराम अधिकारी, नेत्र खड्का, सुनिता नेपाली, नवराज अधिकारी, दुर्गा क्षत्री, राजेश बर्देवा(पप आधुनिक), हास्य कलाकारद्वय राजेन्द्र नेपाली र युवराज भण्डारी साथमा स्थानीय कलाकारहरुका प्रस्तुति रहनेछन् । त्यस्तै रत्यौली गीत प्रतियोगिता पनि जारी छ ।रत्यौलीतर्फ बुधवार देवीस्थान आमा समूह र कमलजौसी आमा समूहले प्रस्तुति राखे । त्यस्तै बिहीवार प्रदेश स्तरीय कृषि प्रविधि प्रदर्शनी तथा मेला अन्तर्गत माटो तथा बाली संरक्षण विषयक विज्ञसँग अन्तरक्रिया कार्यक्रम पनि हुनेछ । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत छन्।महोत्सव यही बैशाख ५ गतेसम्म चल्नेछ ।

# पोखराका समाजसेवी बिल बहादुर गुरुङको निधन, सहारा क्लवका सल्लाहकार सुनिल गुरुङलाई पितृ शोक

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखरा क्षेत्रका एक समाजसेवी एवं विभिन्न संघ संस्थामा आबद्ध हुनु भएको बिल बहादुर गुरुङको निधन भएको छ ।



पोखरा बुद्धचोक निबासि ९१ बर्षीय गुरुङको काठमाडौंमा उपचारकै क्रममा मंगलबार बेलुका ९:०० बजे निधन भएको उहाँको पारिवारीक श्रोतले जनाएको छ ।

पेट्रोलियम डिलर्स एशोसियसन गण्डकीका संस्थापक अध्यक्ष, बौद्ध अर्घौं सदनका संस्थापक सचिव एवं पूर्व अध्यक्ष, कालिका मावि बिद्यालय व्यबस्थापन समितिका पूर्व अध्यक्ष, पोखरा उद्योग बाणिज्य संघका पूर्व सदस्य, मनकामना पेट्रोल पम्प, जय बुद्ध आयल, मुग्लिङमा शान्ति शौम आयाल स्टोर्सका पूर्व संचालक लगायतका विभिन्न संघ संस्थामा आबद्ध हुनु भएको गुरुङको निमोनियाका कारण उपचारकै क्रममा काठमाडौंको ग्राण्डी हस्पिटलमा निधन भएको उहाँका नाती भुगोल गुरुङले जनाउनु भयो । उहाँका २ श्रीमती, ३ छोरा, २ छोरी हुनुहुन्छ । सामान्य पेटको दुखाईबाट पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार गर्न लगिएको गुरुङको थप उपचारको लागि काठमाडौं लगिए पनि काठमाण्डौंको ग्राण्डी हस्पिटलमा भेन्टिलेटर समेत लगाउदै करिब ९ दिनसम्म उपचार गर्दा उहाँको मंगलबार निधन भएको हो । उहाँको बुधबार नै अन्त्यष्टि गरिएको माइला छोरा सुनिल गुरुङले बताउनु भयो । पोखराको बुद्धाचोकबाट शोभा यात्रा सहित पोखराको बौद्ध अर्घौं सदनमा उहाँको दाहसंस्कार गरिएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकी र सहारा क्लवका सल्लाहकार, साविक पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका उपाध्यक्ष लगायतका विभिन्न संघ संस्थामा आबद्ध हुनु भएको सुनिल गुरुङलाई पितृ शोक परेको छ । बिल गुरुङका जेठा छोरा कमल कुमार गुरुङ, कान्छो सुन्दर कुमार गुरुङ, छोरीहरुमा गंगा र ज्वाला गुरुङ रहनु भएको छ ।

# पोखरामा बिहीबारदेखि फेवा महोत्सव सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

नेपाली नयाँ बर्षका अवसरमा बिहीबारदेखि पोखराको फेवा किनारमा १९ औं संस्करणको फेवा नव बर्ष महोत्सव २०८१ सुरु हुने भएको छ ।

उक्त महोत्सवमा नेपाली रैथाने खाना महोत्सव समेत समावेश गरिने भएको होटल संघ पोखरा नेपालका महासचिव एवं फेवा महोत्सवका प्रचार संयोजक राजेन्द्र ढकालले जानकारी दिनु भयो । तीन चल्ने महोत्सव आगामी बैशाख १ गतेसम्म संचालन हुने छ ।

होटल संघ नेपाल केन्द्रको सहयोग र सेफ एसोसियसन अफ नेपालको सहकार्यमा पोखरा ६ गौरीघाट स्थित होटल ग्लेसियर एण्ड स्पामा गण्डकी प्रदेशस्तरीय खाना महोत्सव आयोजना गर्न लागिएको महोत्सवमा गण्डकी प्रदेशमा रहेका विभिन्न रैथाने खानाहरुलाई समावेश गरिने उहाँले जनाउनु भयो ।

महोत्सवले स्थानीय खानाको अन्तराष्ट्रिय बजारिकरणमा समेत सहयोग पुग्ने महासचिव ढकालको बुझाई छ। फेवा नव बर्ष महोत्सव ड्यामसाइडचोकदेखी खहरेचोकसम्म (३.५ कि.मि.) क्षेत्रमा विभिन्न साँस्कृतिक कार्यक्रम सहित संचालन हुनेछ । होटल संघ पोखरा नेपालले आयोजना गर्ने फेवा नव बर्ष महोत्सवको तयारी पुरा भएको संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिनु भयो ।

पोखराको ड्यामसाइड चोक देखि हल्लनचोक सम्मको सडकमै उक्त महोत्सव आयोजना हुन लागेको हो ।

# राष्ट्रियसभा उपाध्यक्षमा विमला घिमिरे निर्वाचित

**रासस**
काठमाडौं, २८ चैत

राष्ट्रियसभाको उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद बिमला घिमिरे निर्वाचित हुनुभएको छ । राष्ट्रियसभाको बुधबारको बैठकमा उपाध्यक्ष पदको मतविभाजनका माध्यमबाट सम्पन्न निर्वाचनमा ३९ मतसहित घिमिरे निर्वाचित हुनुभएको सभाका अध्यक्ष नारायणप्रसाद दाहालले घोषणा गर्नुभयो । अध्यक्ष दाहालले नवनिर्वाचित उपाध्यक्ष घिमिरेलाई बधाई तथा शुभकामना समेत व्यक्त गर्नुभयो । उक्त मतविभाजन प्रक्रियामा ५५ जना सांसद सहभागी हुनुभएको थियो ।



एमालेका सांसद बिमला घिमिरेलाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा ३९ सांसदहरूले मतदान गर्नुभयो । यस्तै उक्त प्रस्तावमा हुन्न भन्नेमा १६ मत परेको थियो ।

उक्त पदमा नेपाली कांग्रेसका सांसद विष्णुदेवी पुडासैनीको पक्षमा १६ र विपक्षमा ३९ मत परेको थियो ।


अध्यक्ष दाहालले बहुमत प्राप्त नगरेपछि सांसद पुडासैनीलाई उपाध्यक्ष पदका लागि अस्वीकृत भएको घोषणा गर्नुभएको थियो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# पारदर्शि बन्ने प्रयास

सरकारले गठन गरेका जाँचबुझ आयोग वा छानबीन आयोगका प्रतिवेदन सार्वजनिक नगर्ने र कार्वाही नगर्ने रोग छ । तत्कालको जनआक्रोश र दबाब खेप्न नसकेर आयोग गठन गर्ने तर त्यसले दिएको सिफारिस कार्यान्वयन नगर्ने प्रबृति मौलाउँदै गएको छ । समयमै त्यस्ता आयोगका प्रतिवेदन अध्ययन गर्ने र त्यसलाई कार्यान्वयन गर्दै जानुपर्ने हो । त्यस्ता प्रतिवेदन प्रतिस्पर्धीलाई कमजोर पार्न र सस्तो लोकप्रियता हासिल गर्न सार्वजनिक गर्ने गरिएको छासहकारीको रकम अपचलनमा गृहमन्त्री रबी लामिछाने विरुद्ध काङ्ग्रेसले सदन अवरुदध गरिरहेको बेला शिक्षा मन्त्रालयले चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग-२०७४ को प्रतिवेदन सार्वजनिक गरेको छ ।

काङ्ग्रेस सभापति शेर बहादुर देउवा प्रधानमन्त्री भएको बेला गठन भएको चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक भएको छादेउवाले बुझ्न नचाहेको र सार्वजनिक नगरी राखिएको प्रतिवेदन रास्वपाले सम्हालेको शिक्षा मन्त्रालयले उक्त आयोगको प्रतिवेदन ६ वर्षपछि सार्वजनिक गरेको छ। काङ्ग्रेस, एमाले, माओवादी,जसपाले शिक्षा मन्त्रालयको जिम्मेवारी लिँदा सार्वजनिक नगरिएको प्रतिवेदन रास्वपाले सार्वजनिक गरेर सबैको अनुहार उदाङ्गो पारिदिएको छ ।

मन्त्रालयले त्यसमा सिफारिस गरिएअनुसार कार्यान्वयनमा लैजाने प्रक्रिया सुरू गरेको जनाएको छ । २०७४ वैशाख ४ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग बनाएको थियो । उक्त आयोगमा डा. उपेन्द्र देवकोटा र मन्त्रालयको उच्च तथा प्राविधिक शिक्षा महाशाखाका सहसचिव सूर्यप्रसाद गौतम सदस्य थिए ।

चिकित्सा शिक्षा क्षेत्रमा विभिन्न अनियमिता भएको, सम्बन्धन, प्रवेश परीक्षा भर्ना, शुल्क र गुणस्तरका क्षेत्रमा रहेका गुनासो तथा उजुरीमाथि आयोगले छानबिन गरेको थियो । उक्त आयोगलाई सुरूमा तीन महिनाको समय दिइएको थियो। तर समयको अपुग भएपछि आठ महिना छानबिन गरी प्रतिवेदन तयार गरिएको थियो। तर सरकारलाई प्रतिवेदन बुझाएपनि सार्वजनिक र कार्यान्वयन हुन सकेको थिएन ।

प्रतिवेदनमा त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपतिहरू हीराबहादुर महर्जन, तीर्थ खनियाँ, रजिष्ट्रार डिल्ली उप्रेती, रेक्टर सुधा त्रिपाठी, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तत्कालीन आयुक्त लोकमानसिंह कार्की लगायतमाथि कारबाही गर्न सिफारिसमेत गरिएको छ। त्रिवि, केयु, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, विज्ञ लगायतले कसरी गलत प्रतिवेदन दिएका रहेछन र कसरी सम्बन्धन दिलाएका रहेछन भन्ने छर्लङ्ग पारेको छ। शिक्षा मन्त्रालयले पार्दर्शिता देखाउने प्रयास गरेको छाराजनैतिक सौदावाजीका रुपमा नभै वास्तविकता उजागर गर्न बेलाबेलामा गठन भएका जाँचबुझ आयोगका प्रतिवेदन सार्वजनिक गरेमा कार्यान्वयनका लागि सरकारलाइ दबाब पुग्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घान्द्रुक पर्यटन महोत्सवः क्लबस्तरीय भलिबलको सेमिफाइनल समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिका-१०/११ घान्द्रुकमा जारी 'पर्यटन महोत्सव' मा पुरुषतर्फ क्लबस्तरीय भलिबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ ।

क्लबस्तरीय भलिबल प्रतियोगितामा विद्यान स्पोर्टस हाउस, तान्ले युवा क्लब, अन्नपूर्ण युवा क्लब र भुका देउराली सेमिफाइनल प्रवेश गर्न सफल भए ।

लिकचरणको खेलमा विद्यान स्पोर्टस हाउस समूह ए को विजेता र भुका देउराली उपविजेता बन्दै सेमिफाइनल प्रवेश गरे । यस्तै समूह बी तर्फ अन्नपूर्ण युवा क्लब किम्चे र तान्ले युवा क्लब उपविजेता बन्दै सेमिफाइनल प्रवेश गरे । पहिलो सेमिफाइनलमा विद्यान स्पोर्टस हाउस र भुका देउरालीबीच प्रतिस्पर्धा हुनेछ । यस्तै दोस्रो सेमिफाइनल खेलमा अन्नपूर्ण युवा क्लब किम्चे र तान्ले युवा क्लबबीच प्रतिस्पर्धा हुने महोत्सव संयोजक अमृत लामा गुरुङले जानकारी दिए ।

क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेताले १ लाख ११ हजार १ सय ११, उपविजेताले ७० हजार रुपैयाँसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

पुरुष भलिबलतर्फ विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, प्रशिक्षक, उदीयमान खेलाडीलाई (सेमिफाइनलबाट म्यान अफ द म्याच) पुरस्कृत गरिनेछ । यस्तै घोडा दौड प्रतियोगिताको विजेताले ५५ हजार ५ सय ५५, उपविजेताले २७ हजार ७ सय ७७ र तेस्रो हुनेले ११ हजार ११ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ ।

घान्द्रुक पर्यटन महोत्सवमा आयोजित चक्रिय पदमार्थ दौड प्रतियोगिता बिहिवार हुने भएको छ । मेश्रेम बराह माविबाट सुरु हुने चक्रिय पदमार्ग वडा नं. १० को कार्यालय हुँदै पञ्चे, कोटगाउँ, देउराली, बलाथे पार्क, नब्रुथी बराह मन्दीर, कायमा बराह, सात सय घान्द्रुकेले मान्दै आएको ब्रेजे मेश्रे बराह नेगु, चिया बगान, डाडागाउँ, कुमाभ्री, सिल्कु, खोलोभ्रो हुँदै विद्यालयम नजिक जोडिएको छ । यो दुरी ५.५ किमी रहेको छ। सोही पदमार्गमा दौड प्रतियोगिता हुनेछ ।

चक्रीय पदमार्ग दौड प्रतियोगिताको विजेताले १५ हजार, दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । यस्तै ठेलो प्रतियोगितातर्फ विजेताले ८ हजार र उपविजेताले ५ हजार रुपैयाँ प्राप्त गर्नेछ। महोत्सवको अवधिमा ह्विलचियर बास्केटबलको समेत प्रर्दशन गरिने छ । महोत्सवको अवसरमा आयोजित खुला क्लबस्तरीय बास्केटबल प्रतियोगितामा क्वाटरफाइनलको समिकरण पूरा भएको छ। पहिलो क्वाटरफाइनलमा दाङ र टाइम्सबीच प्रतिस्पर्धा हुनेछ। दोस्रो खेल आर्मी र घान्द्रुक 'ए'बीच प्रतिस्पर्धा हुनेछ। यस्तै तेस्रो खेल मर्दीखोला र घान्द्रुक 'बी'बीच प्रतिस्पर्धा हुनेछ । यस्तै क्वाटरफाइनलको अन्तिम खेल सेन्चुरी युवा क्लब र नदीपुरबीच प्रतिस्पर्धा हुनेछ ।

सो प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ६० हजार रुपैयाँ पुरस्कारसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । बास्केटबलतर्फ कुल १२ टिमको सहभागिता रहेको छ । सो महोत्सवको हरेक बेलुकी विभिन्न जातिका प्रचलित नृत्य तथा सांगीतिक कार्यक्रमहरु प्रस्तुत हुने संयोजक गुरुङले जानकारी दिए ।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिले महोत्सव अवधिभर घान्द्रुक जाने पर्यटकलाई ३० प्रतिशत छुट दिएको छ। कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा आज चैत्र २७ देखि ३० गतेसम्म आयोजना गरिएको घान्द्रुक पर्यटन महोत्सवमा पर्यटकहरुलाई ३० प्रतिशत छुट दिएको अध्यक्ष विक्रम गुरुङले बताए । घान्द्रुकमा अहिले ७० वटा व्यवस्थित होटल र १७ वटा होमस्टे सञ्चालनमा रहेका छन् । महोत्सवमा जाने पर्यटक तथा दर्शकलाई घान्द्रुकमा उत्पादन हुने खाद्यान्न र संस्कार, संस्कृतिसँगै प्रतियोगिताबाट मनोरञ्जन दिने आयोजकले जनाएको छ ।

# एक सय ३२ केभी बुर्तिबाङ सबस्टेशनको काम अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ चैत

पाँच वर्षअघि निर्माण सुरु भएको बुर्तिबाङ सबस्टेशनको काम अन्तिम चरणमा पुगेको छ ।

पश्चिम बागलुङलाई केन्द्रीय प्रसारण लाइनसँग जोड्न कपिलवस्तुको मोतिपुर-अर्घाखाँचीको सन्धिखर्क-गुल्मीको तम्घास-पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने एक सय ३२ केभीको सबस्टेशनको काम अन्तिम चरणमा पुगेको हो ।

ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा निर्माणाधीन सबस्टेशनको काम ८० प्रतिशत सम्पन्न भएको 'एक सय ३२ किलोभोल्ट बुर्तिबाङ सबस्टेशन आयोजना' प्रमुख मनोज चौधरीले बताउनुभयो । निर्माण पूरा हुनासाथ गुल्मीको तम्घासको सबस्टेशन आगामी वैशाख १९ गते तथा सोही जिल्लाको पौँदीअमराई र बागलुङको बुर्तिबाङ सबस्टेशन अगामी असारमा परीक्षण गर्नेगरी द्रुत गतिमा काम भइरहेको उहाँले बताउनुभयो ।

आयोजना प्रमुख चौधरीले भन्नुभयो, "सबस्टेशन बनाउने र लाइन तान्ने काम निर्माण कम्पनीहरूले धमाधम काम गरिरहेका छन्, असारसम्म कुनै प्राविधिक अवरोध नभए परीक्षण गर्ने योजना छ, निर्माण कम्पनीलाई पनि असारभित्रमा काम सम्पन्न गर्ने ठेक्का दिइएको हो । अब फिल्डको काममात्रै बाँकी छ, पौँदीअमराई र बुर्तिबाङमा एकैपटक परीक्षण हुन्छ ।" सदरमुकाम बागलुङ बजार र आसपासका क्षेत्र केन्द्रीय प्रसारण लाइनले जोडिए पनि पश्चिम बागलुङमा केन्द्रीय प्रसारण लाइन पुगेको थिएन । नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले जिल्लाको पश्चिम क्षेत्रलाई प्राथमिकता दिएर लाइन विस्तार गर्दै आएको छ। अहिलेसम्म निसीखोला र तमानखोला भेग केन्द्रीय लाइनबाट जोडिएका छैनन् तर प्राधिकरणले निसीखोला, तमानखोला र ढोरपाटन नगरपालिका धेरै स्थानमा पोल गाड्ने र तार तान्ने काम गरिरहेको छ ।

# वैशाख १ गतेदेखि 'प्रथम पञ्चासे जैविक विविधता सम्मेलन' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पञ्चासेको सान जैविक विविधता र पर्यापर्यटन भन्ने मूल नारा सहित पञ्चासे पर्यापर्यटन महोत्सव तथा प्रथम पञ्चासे जैविक विविधता सम्मेलन हुने भएको छ ।

पर्यटकीय गन्तव्य पञ्चासेक्षेत्र अन्नपूर्ण गाउँपालिका वडा नं. ४ भदौरे देउरालीमा हुने सम्मेलनको तयारी पुरा भएको आयोजक पञ्चासे ईको टुरिजम प्रालिले जनाएको छ । शान्त पर्यापर्यटन र जंगल परिभ्रमणको मूल मान्यता सहित ग्रामीण पर्यापर्यटन प्रवर्द्धन गर्ने हेतुले शान्त पर्यावरणीय मेलाका रुपमा कार्यक्रमलाई अगाडि वढाइको पञ्चासे ईको टुरिजमका अध्यक्ष नवराज पौडेलले जानकारी दिए । पौडेलका अनुसार कार्यक्रममा वैशाख १ गते विशेष पर्यावरणीय पदयात्रा गरि उद्धाटन गरिने र वैशाख २ गते विशेष सत्र प्रस्तुतिका रुपमा कार्यपत्र प्रस्तुति सँगसँगै सुनाखरी, चरा र जैविक विविधता अवलोकनको कार्यमूलक सेसन सञ्चालन गरिनेछ। कार्यक्रम अन्तर्गत तेस्रो दिन योगा र आध्यात्म शिविर र जंगल परिभ्रमण पदयात्रा गरि जंगलकै वीचमा सुनाखरी सत्र सञ्चालन गरि कार्यमूलक अवलोकन समेत गरिने पञ्चासे ईको टुरिजमले जनाएको छ। खुला सत्रको सन्देश दिनेगरि सञ्चालन गरिने सम्मेलनमा वक्ताको रुपमा जैविक विविधता विज्ञ डा. हुम गुरुङ, सुनाखरी वैज्ञानिक भक्त वहादुर रस्कोटी, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय गण्डकीका सचिव डा. रामचन्द्र कँडेल, अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) गण्डकीका प्रमूख डा. रविन कडरिया, पर्यटन विज्ञ डा. राम्जी शर्मा, पर्यटन विज्ञ डम्बर पुन, चरा विज्ञ मन्सान्त घिमिरे र वुद्धिजीवी डा. अमर नागिला लगायत सहभागी हुने आयोजकले जनाएको छ ।

कार्यक्रममा स्थानीय साँस्कृतिक कार्यक्रम, ट्होटे र गुरुङ संस्कृतिमा आधारित रोधी समेत प्रस्तुत गरिने छ । सम्मेलनले अन्तर्राष्ट्रिय स्तरमै फरक सन्देश दिएर आगामी सम्मेलनलाई अन्तर्राष्ट्रिय स्तरमा समेत स्थापित गर्दै आवधिक रुपमा सम्मेलन सञ्चालन गर्दै लैजाने आयोजक पञ्चासे ईको टुरिजमको तयारी छ ।

आगामी वर्षदेखि पञ्चासे ईको टुरिजम प्रालिले पञ्चासे साँस्कृतिक कार्यक्रम, पञ्चासे पर्यापर्यटन महोत्सव र पञ्चासे जैविक विविधता सम्मेलन गरि वार्षिक तीनवटा ईभेन्ट सञ्चालन गर्ने तयारी गरेको छ ।

# एबिसी फोर्टी फाइभ प्लस एट ए साईड भेट्रान्स फुटवल उपाधिको लागि ढोलाहिटि र हेटौडा भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत


Dholahiti Freedom | Hetauda Veteranse

पोखरा रंगशालामा जारी दोश्रो एबिसी फोर्टी फाइभ प्लस एट ए साईड भेट्रान्स फुटवल प्रतियोगिताको उपाधीको लागि ढोलाहिटि फ्रीडम र हेटौडा भेट्रान्स भिड्ने भएका छन ।

प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न पहिलो सेमि फाईनल खेलमा चितवन भेट्रान्सलाई २-० गोल अन्तरले पराजित गर्दै ढोलाहिटि फ्रीडमले फाईनल यात्रा तय गरेको हो । खेलमा ढोलाहिटिको तर्फबाट तेज वहादुर गलामि र प्रकाश राना मगरले १/१ गोल गरे । खेलमा भोटाहिटिका प्रकाश राना मगर म्यान अफ द म्याच घोषित भए । खेलको ३५ औ मिनेटमा चितवनका गोलरक्षक छन्नु चौधरिले रेडकार्ड पाएर बाहिरिए पछि ढोलाहिटिले लगातार दुई गोल गर्दै फाईनलको यात्रा तय गर्न सहज बन्यो । त्यस्तै दोस्रो सेमिफाईनल खेलमा आयोजक एबिसी भेट्रान्सलाई पाखा लगाउदै हेटौडा भेट्रान्सले फाईनल यात्रा तय गऱ्यो। हेटौडाका लागि सरोज थापाले निर्णायक २ गोल गरेका थिए । खेलमा सरोज थापा म्यान अफ द म्याच घोषित भए । प्रतियोगिताको बिजेताले नगद १ लाख ५५ हजार ५ सय ५५, शिल्ड र मेडल प्राप्त गर्ने छन भने उपबिजेताले नगद ७७ हजार ७ सय ७७, शिल्ड र मेडल प्राप्त गर्ने आयोजक अमरसिंह ब्वाइज क्लबका सचिव बिजय घिमिरेले जानकारी दिए । प्रतियोगिताको फाइनल खेल बिहीबार १ बजे पोखरा रंगशालामा हुने आयोजकले जनाएको छ ।

# नयाँ वर्षमा पानीमा भलिबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ चैत

नयाँ वर्षमा बागलुङको गलकोटमा पानीमा भलिबल प्रतियोगिता हुने भएको छ ।

विदेशमा सामुद्रिक किनार या पौडी पोखरीमा भलिबल खेले पनि नेपालमा नयाँ अभ्यासका रूपमा बागलुङको गलकोटमा तीन वर्षदेखि पानीमा भलिबल (वाटर भलिबल गेम) प्रतियोगिता आयोजना हुँदै आएको छ। गलकोट नगरपालिका-३ चिसापानीस्थित दरमखोला रेम्बो ट्राउट एग्रो रिसोर्टले प्रतियोगिता आयोजना गरेको हो। रिसोर्टमा रहेको पौडी पोखरी (स्विमिङ पुल)मा भलिबल खेलको प्रतियोगिता नयाँ वर्षका अवसरमा आयोजना गरिएको छ। यही चैत ३० गते र आगामी वैशाख १ गते पानीमा भलिबल प्रतियोगिता आयोजना गरिएको दरमखोला रेम्बो ट्राउट एग्रो रिसोर्टका सञ्चालक हुम थापाले बताउनुभयो । दुई दिनसम्म चल्ने प्रतियोगितामा १६ भलिबल समूह सहभागी हुनेछन् । उक्त भलिबल भने पुरुष मात्रै खेल्न सक्नेछन् । "झन्डै १५/१६ समूहले प्रतिस्पर्धामा भाग लिने अनुमान छ, गुल्मी, ढोरपाटन र बडीगाडसम्मका खेलाडी समूह सम्पर्कमा आएका छन्", सञ्चालक थापाले भन्नुभयो, "खेलको प्रवर्द्धनसँगै गलकोटलाई नयाँ ढङ्गबाट चिनाउन पानीमा भलिबल प्रतियोगिता राखिएको हो, उहाँले आफ्नो रिसोर्टमा पर्यटकलाई आकर्षण गर्न र भलिबललाई फरक ढङ्गले चिनाउन प्रतियोगिता आयोजना गरिएको हो ।" नेपालमै पानीमा भलिबल प्रतियोगिता नौलो भएको उहाँको भनाइ छ । भलिबलको अन्तर्राष्ट्रिय नियमअनुसार नै पानीमा भलिबल खेल्न सकिने उहाँको भनाइ छ। पानीमा भलिबल खेल्नका लागि भलिबल कोर्ट सरहकै पौडीपोखरी आवश्यक रहेको हुन्छ । उक्त रिसोर्टमा भलिबल कोर्ट सरहकै पौडी पोखरी रहेकाले लगातार तीन वर्षदेखि प्रतियोगिता आयोजना गरिएको थापाको भनाइ छ। यस पटक पानीमा भलिबल खेलेर प्रथम हुनेले रु २५ हजार राशिको पुरस्कार प्राप्त गर्नेछन् । यस प्रतियोगिताबाट नयाँ अनुभव, सिकाइ र पानीमा खेलिने भलिबलको सम्भावना पहिल्याउन पनि सघाउ पुग्ने विश्वास लिइएको छ। रिसोर्ट परिसरमा रहेको २० मिटर लामो पौडी पोखरीमा खेल हुनेछ। एक समूहबाट चार खेलाडी प्रतिस्पर्धामा उत्रनेछन् । खेल लिग प्रणालीबाट खेलाइने आयोजकले जनाएको छ। प्रतियोगितामा पहिलो हुने टोलीले रु २५ हजारसहित कप र मेडल तथा दोस्रोले रु १२ हजारसहित मेडल पुरस्कार पाउने छन् । टोली दर्ता शुल्क रु दुई हजार राखिएको छ।

तीन वर्षदेखि लगातार भइरहको भलिबल हेर्न दुई हजार दर्शक रिसोर्टमा आउने अपेक्षा गरिएको छ। यस्तै नयाँ वर्षको अवसरमा पानीमा भलिबलसँगै घैटोफोर प्रतियोगिता र माछा छोप्ने प्रतियोगितासमेत राखिएको छ । पानीमाथि खेल्ने भलिबल प्रतियोगितामा पहिलो वर्ष १७ समूह, दोस्रो वर्ष १३ समूह सहभागी भएका थिएभने अहिले १५ समूहभन्दा बढी समूह सहभागी हुने अपेक्षा गरिएको छ।


## पेन्सन पट्टा सहित नागरिकता हराएको सूचना

**साविक देविस्थान गाविस वडा नं. ७ हाल फलेवास नगरपालिका वडा नं. ६ बस्ने खगेश्वर भुसालको छोरा विष्णु प्रसाद भुसालको ना.प्र.नं. ९४२५ विष्णु प्रसाद भुसाल निज भारतीय सेना आसाम राइफल सेवा दर्ता नं. G/36235-Ex Hav (GD) बाट सेवा निवृत भइ पेन्सन पट्टा कागजात सुनौलीबाट पोखरा आउने क्रममो हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नामः** विष्णु प्रसाद भुसाल

**नागरिकता नं.:** ९४२५

**पेन्सन पट्ट नं.:** G/36235-Ex Hav (GD)

**ठेगानाः** फलेवास-६, पर्वत

**सम्पर्क नं.:** ९८६१८२६०४१

# तनहुँमा सातवटा पक्की पुल तयार

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ चैत

गण्डकी प्रदेश सरकारबाट बजेट विनियोजन भएर तनहुँमा गत र चालु आर्थिक वर्षमा गरी सातवटा पक्की पुल निर्माण सम्पन्न भएका छन् । गत आवमा पाँच र चालु आवमा दुई गरी सातवटा मोटरेबल पुल बनेका हुन् ।

त्यस्तै ११ वटा पक्की पुल निर्माणाधीन रहेका पूर्वाधार विकास कार्यालय तनहुँका इन्जिनियर धनमाया मिश्रले जानकारी दिनुभयो । निर्माणाधीन पुलका लागि रु २२ करोड ७५ लाख बजेट विनियोजन भएकामा रु तीन करोड २६ लाख २१ हजार खर्च भएको छ । चालु आवमा ऋषिङ गाउँपालिका-५ रुपाटारस्थित लुम्दीखोलामा रु ३० लाखको लागतमा पुल निर्माण सम्पन्न भएको छ । त्यस्तै म्याग्दे गाउँपालिकास्थित बेलसोती मार्गको म्याग्दे खोलामा रु ३० लाखको लागतमा अर्को पुल बनाइएको छ । गत आवमा रु ५० लाखको लागतमा भिमाद नगरपालिका-८ र शुक्लागण्डकी नगरपालिका-८ र शुक्लागण्डकी नगरपालिका-८ जोड्ने क्याङ्दीखोलामा रु ५० लाख, ऋषिङ-४ र ५ जोड्ने रुपाटार जोड्ने ज्वालाखोलामा रु ३० लाखमा, घिरिङ गाउँपालिका-४ नयाँटारमा तिरम्दीखोलामा रु ३० लाख, घिरिङ गाउँपालिका-१ द्रुपद खोलामा रु ३० लाख र आँबुखैरेनी गाउँपालिका-३ र ४ सिउदीखोलामा रु ५० लाखमा पुल बनेका हुन् । इन्जिनियर मिश्रका अनुसार चालु आवमा निर्माणाधीनमध्ये आँबुखैरेनी गाउँपालिका-२ र ३ जोड्ने खहरेखोलामा रु ७५ लाख विनियोजन गरिएको छ । दमौली बिसेघरे झापुटारस्थित सेती नदीमा रु चार करोडको लागतमा पुल निर्माणाधीन छ । शुक्लागण्डकी नगरपालिका-५ र ८ जोड्ने सेती नदीमा रु तीन करोड, बन्दीपुर स्थित खुदीखोलामा रु एक करोड, व्यास नगरपालिका-११ स्थित बुल्दीखोलामा रु एक करोड ५० लाख, शुक्लागण्डकी नगरपालिका-१० र भिमाद नगरपालिका-८ जोड्ने क्याङ्दीखोलामा रु एक करोड ५० लाख, म्याग्दे गाउँपालिका-४ मिन मावि पछाडि म्याग्देखोलामा रु एक करोड ७० लाखको लागतमा पुल निर्माणाधीन छ ।

यसैगरी, भिमाद नगरपालिका-३ बुडुवाखोलामा रु ४० लाख, भिमाद नगरपालिका-५ स्थित बुडुवाखोलामा रु एक करोड, भिमाद नगरपालिका-१ डुम्रीवैंसीमा रु एक करोड ४० लाख र बन्दीपुर गाउँपालिका-१ र भानु नगरपालिका-१ जोड्ने तल्लो डुम्रेमा रु ५० लाखको लागतमा पुल बनिरहेको छ ।

# मुग्लिन-पोखरा सडक विस्तार : पहिरा जाने सम्भावित स्थानमा वर्षाअघि कालोपत्र नगरिने

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ चैत

मुग्लिन-पोखरा सडक विस्तार आयोजनाअन्तर्गत तनहुँको पूर्वी खण्डमा पहिरो खस्ने सम्भावित क्षेत्रमा वर्षाअघि कालोपत्र नगरिने भएको छ । पहिरो खस्ने स्थानबाट करिब पाँच सय मिटर अघिपछि छाडेर अन्य क्षेत्रमा कालोपत्र गर्ने कार्य भइरहेको आयोजनाले जनाएको छ ।

उक्त खण्डको करिब छ ठाउँमा वर्षाअघि कालोपत्र नगरिने मुग्लिन-पोखरा सडक विस्तार आयोजना पूर्वी खण्ड प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो । "पूर्वी खण्डको अन्तिम विन्दुबाट म्याग्देको जामुनेदेखि दमौलीतर्फ कालोपत्र गर्दै आइरहेको छ," उहाँले भन्नुभयो, "उक्त स्थानमा करिब तीन किलोमिटर कालोपत्र गरिसकिएको छ ।" उहाँका अनुसार एकतर्फी २८ किमी र दुईतर्फी करिब १५ किमी कालोपत्र भइसकेको छ । कालोपत्र कार्यलाई प्राथमिकता दिँदै आवश्यक स्थानमा पहाड काट्ने कार्य भइरहेको छ । यस खण्डको हालसम्म करिब ५५ प्रतिशत कार्य प्रगति भएको छ । अहिले वर्तमान सडकको डिजाइनअनुरुप सडक केन्द्रबाट दायाँबायाँ २३/२३ मिटर सडक विस्तारको कार्य भइरहेको छ । दमौली र डुम्रे बजार क्षेत्रमा छ लेनको सडक बन्नेछ । राजमार्गको अन्य क्षेत्रमा भने चार लेनको सडक हुनेछ । पूर्वी खण्डमा ४१ दशमलव सात किलोमिटर दूरी रहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो । उक्त खण्डको अन्तिम म्याद विसं २०८१ वौशाखसम्म रहेको छ । कोभिडको समयमा निर्माण कार्य स्थगित भएकाले नेपाल सरकारबाट छ महिना म्याद थप गर्ने प्रक्रियामा रहेको सो आयोजनाले जनाएको छ । पृथ्वी राजमार्ग सडक विस्तार कार्य पूर्वी र पश्चिम गरी दुई खण्डमा भइरहेको छ । पश्चिम खण्डअन्तर्गत जिल्लाको जामुनेदेखि पोखराको सेतीपुलसम्म ३८ दशमलव ८८ किलोमिटर दूरी रहेको छ । उक्त खण्डमा चीनको यनहुई काइयुन हाइवे एन्डब्रिज कम्पनीले ठेक्का पाएको छ । पश्चिम खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ भदौबाट काम सुरु भएको यस खण्डको काम २०८१ भदौ १२ मा सम्पन्न गर्नुपर्ने सम्झौता रहेको छ । उक्त सडक खण्डको हालसम्म करिब १९ प्रतिशत प्रगति भएको मुग्लिन-पोखरा सडक विस्तार आयोजना पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार वर्षाअघि कल्भर्ट र नाला निर्माण कार्यलाई प्राथमिकता दिइएको छ । यस खण्डमा दुई लेनको साढे सात किमी सडक कालोपत्र भइसकेको छ ।

# सामाजिक विकासका २३ योजना सम्झौता हुन सकेन

**पोखरापत्र संवाददाता**
पर्वत, २८ चैत

गण्डकी प्रदेश सरकारअन्तर्गत जिल्लामा रहेको सामाजिक विकास कार्यालयमार्फत सञ्चालन हुने २३ वटा योजना आर्थिक वर्ष सकिने बेलासम्म पनि सम्झौता हुन सकेका छैनन् ।

आर्थिक वर्ष सकिन अब तीन महिना मात्र बाँकी रहँदा योजना सम्झौतामा कार्यालय र उपभोक्ता समितिको उदासीनता देखिएको हो । चालु आर्थिक वर्षका लागि विनियोजित बजेटबाट सम्झौता भई कार्यान्वयमा आउनुपर्ने योजना अहिलेसम्म पनि सम्झौता हुन नसकेपछि बजेट 'फ्रिज' हुने अवस्था देखिएको छ । सामाजिक विकास कार्यालयमार्फत ३७ वटा भौतिक पूर्वाधार विकास निर्माणका योजनामा बजेट विनियोजन भएको थियो । त्यसमध्ये अहिलेसम्म १४ योजना मात्र सम्झौता भई कार्यान्वयनमा गएको कार्यालय प्रमुख टङ्कप्रसाद ढकालले जानकारी दिनुभयो ।

अ धि क ां श योजना मन्दिर निर्माण तथा मर्मत, खेलमैदान निर्माण, ज्येष्ठ नागरिक विश्रामस्थल, विद्यालय मर्मत तथा घेराबार निर्माण, सहिद स्मृति भवन र दलित समाज घर निर्माणजस्ता योजना रहेका छन् । ती योजना न्यूनतम रु पाँच लाखदेखि रु २० लाखसम्मका रहेको कार्यालय प्रमुख ढकालले जानकारी दिनुभयो । बजेट विनियोजित भएका सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ । उपभोक्ता समिति गठनमा विवाद हुने, सम्बन्धित निर्माण स्थलको जग्गा विवाद, उपभोक्ता समितिले पनि आवश्यक प्रक्रिया नपुऱ्याउने, आफ्नै स्वामित्वका जग्गा नहुनेजस्ता कारणले योजना सम्झौता गर्न समस्या भएको कार्यालय प्रमुख ढकालले जानाकारी दिनुभयो । उहाँले बजेट माग गर्ने तर योजना कार्यान्वयनमा उपभोक्ता समितिले उदासीनता देखाएको आरोप लगाउनुभएको छ । दरबन्दीअनुसार प्राविधिक र अन्य कर्मचारीको अभाव भएकाले पनि लक्ष्यअनुसार प्रगति हासिल गर्न नसकिएको उहाँले बताउनुभयो । कार्यालयमा दुईजना प्राविधिकको दरबन्दी भए पनि पदपूर्ति नहुँदा परामर्श सेवामार्फत नियुक्त गरेर काम गर्नुपर्ने अवस्था रहेको छ । प्राविधिक नहुँदा कामको मूल्याङ्कन गरेर भुक्तानी दिनसमेत समस्या भएको कार्यालयले जनाएको छ । भौतिक पूर्वाधार बाहेकका अन्य योजना भने धमाधम भइरहेको उहाँले बताउनुभयो । ज्येष्ठ नागरिक, एकल महिला, आपत्कालीन उद्धार, सडक मानव व्यवस्थापन, अपाङ्गता भएकाहरूलाई सहायता सामग्री हस्तान्तरण, अन्तरपुस्ता अनुभव हस्तान्तरण, विद्यालयमा पुस्तकालय निर्माणजस्ता योजना भने सम्पन्न भइसकेको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षका लागि यो कार्यालयमा प्रदेश सरकारबाट विनियोजित रु चार करोड आठ लाख ९५ हजार विनियोजन भएको थियो । त्यसमध्ये आर्थिक प्रगति न्यून रहेको छभने समग्र कार्यालयको प्रगति नौ महिनासम्म जम्मा ३७ प्रतिशत पुगेको ढकालले बताउनुभयो । पूर्वाधार निर्माणको भुक्तानी नभएकाले पनि आर्थिक प्रगति न्यून रहेको उहाँको भनाइ छ ।

# मस्र्याङ्दी जलाशयमा वैशाखदेखि मोटरबोट

**पोखरापत्र संवाददाता**
दमौली, २८ चैत

आँबुखैरेनी गाउँपालिकास्थित मस्र्याङ्दी जलविद्युत् केन्द्रको जलाशयमा मोटरबोट सञ्चालन हुने भएको छ । नयाँ वर्षको अवसरमा वैशाख २ गतेदेखि सञ्चालनमा ल्याउन लागिएको हो ।

मोटरबोट सेवाको उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उद्घाटन गर्नुहुने कार्यक्रम रहेको आँबुखैरेनी गाउँपालिका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । मस्र्याङ्दी जलविद्युत् केन्द्रको जलाशयमा मोटरबोट सञ्चालनका लागि आँबुखैरेनी गाउँपालिकाले गत पुस ९ गते बोलपत्र आह्वान गरेको थियो । गाउँपालिकाले मोटरबोट सेवाप्रदायक कम्पनी बोटेबोराको प्रस्ताव छनोट गरी उक्त कम्पनीसँग सम्झौता गरिसकेको छ । सो जलाशयमा तत्काल रु एक करोडको लगानीमा मोटरबोट सञ्चालन गर्न लागिएको बोटेबोराका सञ्चालक विष्णु ढकालले बताउनुभयो । मोटरबोट सञ्चालनले आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यका रूपमा विकास गर्न सकिने कम्पनीको विश्वास छ । जलाशयमा नेपालकै पहिलो र ठूलो मोटरबोट उत्पादक नेपाल सीप एण्ड बोट बिल्डिङ प्रालिले निर्माण गरेको अग्नि र फिस्टेल नामका दुई मोटरबोट सञ्चालन गरिने बताइएको छ । जलाशय नजिक प्रसिद्ध धार्मिक स्थल अल्कादेवी मन्दिर पनि रहेकाले धार्मिक पर्यटकहरूलाई समेत मोटरबोटमा आकर्षित गर्न सकिने गाउँपालिका अध्यक्ष चुमानको भनाइ छ ।

साथै पृथ्वी राजमार्ग हुँदै यात्रा गर्ने पर्यटकलाई समेत मोटरबोटमा आकर्षित गर्न सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो । कम्पनीले थप रु तीन करोड लगानी गरी जलाशय किनारमा 'बिच रेस्टुरेन्ट', फ्लोटिङ डेक, रिभर भ्यु प्वाइन्ट, शौचालय तथा मोटरबोट सर्भिस सेन्टरसहितको संरचनाहरू बनाउने योजना छ । यसअघि नेपालगञ्जको वाटरपार्क, चितवनको नारायणघाट र देवघाट साथै सर्लाहीको भरततालमा पर्यटकहरूलाई मोटरबोट सेवा दिँदै आएको कम्पनीले छिट्टै सुर्खेतको बुलबुले तालमा पनि मोटरबोट सञ्चालनमा ल्याउने योजना बनाएको सो कम्पनीका सञ्चालक ढकालले जानकारी दिनुभयो ।

मोटरबोटमा घुम्न लाग्ने समयअनुसार फरक-फरक शुल्क कायम गरिएको छ । कम्पनीले छ देखि आठ मिनेटसम्म मोटरबोटमा सयर गर्न प्रतिव्यक्ति रु दुई ५०, दशदेखि १२ मिनेटसम्मका लागि प्रतिव्यक्ति रु पाँच सय र १५ देखि २० मिनेटसम्मका लागि प्रतिव्यक्ति रु एक हजार ताकिएको छ ।


## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना ।

(प्रकाशित मिति २०८०/१२/२९)

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा-९ नयाँबजार कास्कीबाट तपशिल बमोजिम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तार ताकेता गर्दा साथै पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८०/१०/२४ गते ३५ दिने सूचना तथा दोस्रो पटक मिति २०८०/१२/१ गते १५ दिने र तेस्रो पटक मिति २०८०/१२/१६ गते ७ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्वन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली ऐन २०७४ को प्रदेश सहकारी ऐन २०७८ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको ऋण असुली नीति २०७८ ले दिएका अधिकार प्रयोग गरी नियमानुसार बिक्री, लिलाम गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ३६औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि ऋणी संचालक, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोल पत्र खोल्न, धितो लिलामको विक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण अमुलीको कारवाही अन्तर्गत ऋणी संचालक, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ र संस्थाको नीति नियम तथा विनियम एवं प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि स्थाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**तपशील**

| | |
|---|---|
| **ऋीणीको नाम : रजनी श्रेष्ठ**<br>बुबा : ओम कुमार श्रेष्ठ<br>श्रीमान : चक्र बहादुर श्रेष्ठ<br>ससुरा : मान बहादुर<br>ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मझेरीपाटन, कास्की | **धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ**<br>बुबा : मान बहादुर नगरकोटी<br>बाजे : चक्रमान नगरकोटी<br>ना.प्र.प.: ४२३५/धादिङ<br>मितिः २०५०/११/०८<br>ठेगाना : पोखरा -४, गैह्रापाटन |
| **धन जमानीको नाम : सबिता कर्माचार्य**<br>बुबा : भक्त मान श्रेष्ठ<br>बाजे : भिम नारायण श्रेष्ठ<br>श्रीमान : प्रबिन कर्माचार्य<br>ना.प्र.प.:४६१००१/१७१७७ कास्की<br>मितिः २०६८/०८/०९<br>ठेगाना : पोखरा -९, बगालेटोल, कास्की | **धन जमानीको नाम : ऋचा श्रेष्ठ**<br>बुबा : चक्र बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर नगरकोटी<br>ना.प्र.प.: ४६-०१-७५-०६६३०<br>कास्की मितिः२०७५/१०/०२<br>ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की |

**धितो विवरण**

| क.स | घर/जग्गा धनी | घर/जग्गा रहेको ठेगाना | कि.न | क्षेत्रफल/वर्गमीटर |
|---|---|---|---|---|
| १ | **रजनी श्रेष्ठ**<br>ना.प्र.नं. ४६-०१-७३-०७६१०<br>मितिः २०७३/०९/०५ कास्की | पोखरा -१८, कास्की | ७१ | ०-०-०-०/<br>१५५.९७ |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरूः**

१. बोलपत्र फारम यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को कार्यालय समय भित्र रु. १,०००।- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दउँसो ठिक २:०० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले सकार गरि लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७ कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्न वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थागत सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पति सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम या धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पूनश्च**: उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभइ कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन ।

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा-९, नयाँबजार, कास्की**
**फोन नं.: ०६१-५८९५३७,५८९३९१**